**महाबु गाउँपालिका अध्यक्ष श्री जंग बहादुर शाहीज्युले नवौं गाउँसभामा प्रस्तुत गर्नु भएको**

# आर्थिक वर्ष २०७८।०७९ को निति र कार्यक्रम को समग्र अंश

सभामा उपस्थित प्रमुख अतिथि ज्यु,
गाउँ सभाका सदस्य ज्यु हरु,
प्रमुख प्रशासकिय अधिकृत ज्यु,
विषयगत कार्यालयका प्रमुख ज्यु, लगाएत वडा सचिव ज्युहरु,
पत्रकार ज्युहरु,
अन्य उपस्थित अतिथि ज्युहरु,
सर्वप्रथम यस सम्मानित सभामा उपस्थित सम्पुर्ण प्रमुख अतिथि, गाउँसभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु, पत्रकार ज्यु लगायत उपस्थित समपुर्ण अतिथि ज्युहरु लाई धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

आज यस गरिमामय सभामा म आर्थिक, सामाजिक र सांस्कृतिक विकास र सम्बृद्धिको प्रतिक्षामा रहेका महाबु गाउँपालिकाको नवौं गाउँसभाको सदनमा आर्थिक वर्ष ०७८।०७९ को निति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार, प्रदेश सरकार तथा स्थानिय सरकार गठन पश्चात सार्वभौम महाबु गाउँपालिका को नवौं गाउँसभाको पुनित अवसरमा अधिकार प्राप्तीका लागि विभिन्न आन्दोलन सहित प्रदेश आन्दोलनमा आफ्नो जिवन उत्सर्ग गरेका ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । जनताको प्रतिनिधिमुलक यो गरिमामय सदनमा महाबु गाउँपालिकाको निति तथा कार्याक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुती गरेको छु । साथै रानितिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने सवै अग्रजहरु प्रति हार्दिक आभार र सम्मान प्रकट गर्न चाहन्छु ।

सर्वप्रथम न्याय, समानता, स्वाधिनता र सम्बृद्धि प्राप्तीका लागि योगदान गर्नुहुने सम्पुर्ण आदरणीय राजनितिक दल राष्ट्रसेवक कर्मचारीज्युहरु, उद्योगपती, ब्यापारी, पत्रकार ज्युहरु लाई हार्दिक सम्मान ब्यक्त गर्दछु । साथै हालै विश्वमा फैलिएको कोरोना भाईरस(कोभिड-१९) को कारण मृत्यु हुने आमा, वुवा, दाजुभाई, दिदिबहिनी हरु प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । साथै यतिवेला हामी धेरै मर्माहित भएका छौं, हाम्रो विचमा एक जना होनहार, ईमान्दार ब्यक्तित्व कार्यपालिका सदस्य ईन्द्र बहादुर सुनार तथा महाबु १ निवासी जस्मा शाही समेतको कोभिड-१९ को कारण मृत्यु भएको छ । मृत आत्माको चिर सान्तीको कामना गदै शोकाकुल  परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु ,  र संक्रमित सम्पुर्ण ब्यक्तित्वहरु को स्वास्थ्य लाभको कामना ब्यक्त गर्दछु । हाम्रो गाउँपालिकाका अधिकांस नागरिकहरु रोजगारिका लागि भारत लगायत तेस्रो मुलुकमा जानु भएको र कोरोना भाईरस का कारण भारत लगायत अन्य मुलुक मा लक डाउनका कारण धेरै दुःख कष्ट भोग्नु भएको छ । यस अवस्थामा सम्पुर्ण नागरिकहरुलाई घर फर्कने क्रममा पनी धेरै समस्या भोग्नु परेको छ । २०७७ मा एक्कासी २५०० नागरिकहरुलाई भारत वाट घर फर्कदा उहाँहरुलाई गाउँपालिकामा रहेका विभिन्न विध्यालयहरु,

सामुदायीक भवनहरु, टेन्ट, पालहरु मा क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाईएको थियो । यस अवस्थामा १९२ जना कोरोना पोजेटिभ देखिनुभएको थियो भने अन्य नागरिकहरु नेगेटिभ देखिएपछी घर फर्कनुभएको थियो । यसरी गत वर्षको महामारीको अवस्थालाई अवतरण गरेको विचमा यस वर्ष कोभिडको संक्रमण झन भयाभह अवस्था मा फैलिन गयो । जसको कारण महाबु गाउँपालिकाका अधिकांश नागरिकहरु यस वाट प्रभावित हुनु पर्यो र यसको रोकथाम र नियन्त्रणमा महाबु गाउँपालिका ले विभिन्न सचेतनाका कार्यक्रम सहित प्रत्येक वडाहरुमा स्वास्थ्य  घुम्ती सिविर समेत संचालन गरि कोभिडलाई नियन्त्रण गर्न सफल भएका छौं ।

यतिवेला कोभिड-१९ वाट पोजेटिभ देखिनुभएका आदरणीय आमा, वुवा, दाजु, भाई, दिदि बहिनीहरुको स्वास्थय लाभको कामना गर्दछु । यसवाट भविश्मा पर्न जाने असर प्रति सजक रहन आम महाबु गाउँपालिका वासिहरुमा हार्दिक अनुरोध गर्दछु ।

आम नागरिकलाई लकडाउनका कारण पर्नजाने असरलाई ध्यानमा राखि नेपालका विभिन्न जिल्ला प्रशासन कार्यालय संग समन्वय  गरि गाउँ भित्र्याउन व्यवस्था मिलाएका थियौं । गत वर्ष गुराँसे, चुप्रा र नारायण क्याम्पस सम्पर्क केन्द्र स्थापना गरि नागरिकहरुलाई उद्धार गर्ने काम गरिरहेका छौं । यस महा विपद्को अवस्थामा आम महाबु वासी आमा बुवा, दाजु भाई, दिदि बहिनीहरुलाई पर्न गएको असर प्रति अत्यन्त दुःखी भएका छौं ।

यस महाविपद्को अवस्थामा गाउँपालिकालाई आर्थिक,भौतिक, नैतिक रुपमा सहयोग गर्नुहुने सम्पुर्ण सरकारी, गैरसरकारी संघसंस्थाहरु, उद्योगी, ब्यापारी, कोपिला सेवा समाज सुर्खेत, दैलेख काठमाण्डौ सम्पर्क मञ्च लगायतका सहयोगि हातहरु लाई सहयोगका लागि हार्दिक हार्दिक धन्यवाद तथा आभार ब्यक्त गर्न चाहन्छु । यस विषम परिस्थीतीमा आफ्नो ज्यान जोखिममा राखी अग्रपंतीमा रहि स्वास्थ्य सेवा प्रधान गर्नुहुने आदरणिय डा. शिशिर गिरी लगायत सम्पुर्ण स्वास्थ्य कर्मी ज्यु हरुलाई विशेष धन्यवाद दिन चाहन्छु, आभार ब्यक्त गर्दछु ।

**सम्मानित गाउँ सभाका सदस्य ज्युहरु,**

महाबु गाउँपालिकाको वर्तमान अवस्था, सम्भावना र चुनौतीहरु यस प्रकार रहेको छ ।

**१. महाबु गाउँपालिकाको वर्तमान अवस्था**

महाबु गाउँपालिकाका जनताहरु कृषिमा आधारीत, श्रममा आधारीत र मेहनत गरेर आफ्नो जिविका गर्दै आएको अवस्था छ । दैलेख जिल्लाका ११ स्थानीय तहमा आर्थिक सुचाङ्कमा कमजोर रहेको हाम्रो गाउँपालिकाको आर्थिक,सामाजिक,सांस्कृतिक,भौतीक संरचना निर्माणको क्षेत्रमा हामी निर्वाचित भएयता क्रमीक रुपमा सुधार हुँदै आर्थिक सम्बृद्धितिर लम्की रहेको छ । यसै विचमा विश्वमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को कारण हाम्रो गाउँपालिकामा अत्याधिक प्रभावित भएको छ । यस अवस्थामाा कोभिड-१९ को रोकथाम र नियन्त्रण गरि जनताको स्वास्थ्यमा सुधार ल्याई कोरोना मुक्त

गाउँपलिका बनाउनु पर्ने अवस्था हाम्रो जिम्मा आएको छ । कोभिको प्रयासलाई जारी राख्नु पर्ने अवस्था आएको छ ।

## २. महाबु गाउँपालिकाको चुनौतीहरु र सम्भावनाहरु

ञयस सम्मानीत गाउँ सभामा कार्यक्रमिक हिसावले समावेश गरिएका अल्पकालिन मध्यकालिन र दिर्घकालिन महत्वका सवालहरु लाई सफल पार्नका लागि यस गाउँपालिकाका विध्यमान चुनौती र विराट सम्भावनाहरुलाई यथोचित ध्यान दिँदै चुनौतिहरुलाई सम्भावनामा परिणत गर्ने, अवसरहरुलाई सदुपयोग गर्दै यस गाउँपालिकाको समग्र विकास र सम्वृद्धीमा सुधार गर्दै अघि बडिरहेका छौं ।

**महाबु गाउँपालिकाको आर्थिक अवस्था निम्नअनुसार रहेको छ :**

- महाबु गाउँपालिका प्राकृतिक स्रोत साधनले सम्पन्न भएतापनी विकासको दृष्टीकोणले पछि परेको अवस्था थियो । आजसम्म आईपुग्दा हामीले हाम्रो भौगोलीक अवस्थालाई मुल्याङ्कन गर्दै प्राकृतिक श्रोत साधनलाई सहि सदुपायोग गरेर गाउँपालिकालाई विकासको पाटोमा अगाडि वडाउँदै लगिएको छ ।
- सडक संजाल नजोडिएको अवस्थामाा रहेको गाउँपालिका हाल सम्पुर्ण वडाहरुमा सडक संजाल जोडीएको छ ।
- भौगोलिक हिसावले विकट भएको हुँदा नागरिकहरुलाई स्वास्थ्य सेवा लिनवाट वंचीत भएको अवस्थामा थप ४ वटा सामुदायीक स्वास्थ्य ईकाइ स्थापना गरि ९ वटा स्थानवाट स्वास्थ्य सेवा प्रवाह गरिएको छ भने महाबु अस्पताल को २ वटा भवन निर्माणाधिन अवस्थामा रहेको छ , वडा नं. ६ को स्वास्थ्य चौकी स्वीकृत भै निर्माणाधिन अवस्थामा छ । सवैस्वास्थय चौकी भवन निर्माण भै सकेका छन् भने  यसै वर्ष वडा नं. ३ मा स्वास्थ्य चौकी भवन निर्माण हुनेछ ।
- स्वास्थ्यमा सुधार ल्याउन १ जना विसेषग्ज्ञ डाक्टर सहित ६४ जना स्वास्थ्य कर्मीहरु र ६० जना महिला स्वयंसेविका को ब्यवस्था गरि परिचालन गरिएको अवस्था छ । विश्वमा फैलिएको कोरोना भाईरस(काभिड-१९) जस्तो महामारीको कारण स्वस्थ्यमा थप जटिलता सृजना गरेको छ । अव हाम्रा स्वास्थ्य संग सम्वन्धीत कार्यक्रमहरु त्यतातिर उन्मुख गर्नुपर्ने अवस्था छ ।
- विगतका सरकारहरुले विध्यालय खोल्न अनुमती दिने र दरवन्दी नदिने गरेको कारण खस्केको शिक्षाको अवस्थालाई केहि तह सम्म सुधार गरिएको छ । आवश्यकता अनुसार भौतीक संरचना अधिकतम सुधार गरिएको छ । ६० वटा विध्यालय कोठा निर्माण, १० स्थानमा ट्वाईलेट व्यवस्था, मा.वि. हरुमा ईन्टरनेटको व्यवस्था, डिजिटल विध्यालय ब्यवस्था, विज्ञान ल्यावको ब्यवस्था, लाईवेरी को ब्यवस्था गर्दै शिक्षामा सुधार ल्याउने ब्यवस्था मिलाईएको छ । जगदिश मा.वि. मा १८ महिने र ३ वर्षे आई.ए.सी.एजी. संचालनमा आएको छ । थप भौतिक संरचना नभएका विध्यालयहरुलाई यसै वर्ष भित्र संरचना निर्माण गरिने छ ।

- यस गाउँपालिकाको मुख्य पेशा कृषि हो । परम्परागत मा निर्भर भएको कृषि प्रणालीमा सुधार गर्दै सम्पुर्ण नागरिकहरुलाई आत्मनिर्भर हुने खालको व्यवस्था गर्दै आएका छौँ । यसमा थप सुधार गर्दै जाने छनेछौँ ।
- गाउँपालिकामा रहेका अन्धविश्वास, रुडिवादि, छाउपडि प्रथा, छुवाछुत, वालविवाह, बहुविवाह जस्ता चुनौतीहरुलाई सामना गर्दै सभ्य समुन्नत र समतामुलक समाज निर्माणको प्रक्रिया अगाडि बडाएका छौँ ।
- प्राविधिक तथा बौद्धिक जनशक्ती र नागरिक सचेतनाको कमी भएको कारण चाहे जती विकास गर्न सकिएको छैन ।
- यस गाउँपालिकाका जनताका पिडा र समस्याहरु समान छन् । पहाडी धरातल भएको कारण वाढी, पहियो, हिउँ, असिना, चट्याङ, जंगली जनावर वाट अन्न वालि नष्ट गर्ने जस्ता कारणले वार्षिक भोकमरी पर्ने समस्या यथावत छ ।
- वेरोजगारको समस्याका कारण उर्जाशिल युवाहरु भारत लगायत अन्य मुलुकमा पलायत भएका छन् । कोभिड -१९ को कारण अधिकांश नागरिकहरु गाउँ भित्रीदा आगामी दिनमा ब्यवस्थापन गर्न थप जटिलता सृजना भएको छ ।

**सम्मानित गाउँ सभाका सदस्य ज्युहरु,**

माथि उल्लेखित चुनौतिहरुका बावजुत यस गाउँपालिकाका प्रचुर सम्भावना रहेका छन् । यिनै सम्भावनाहरुको अध्यायन विश्लेषण पहिचान गरि सहि सदुपयोग गर्न सकेमा उल्लेखीत चुनौति हरुलाई सहजै निराकरण गरेर यस क्षेत्रको विकास र आर्थीक संवृद्धीको अभियानलाई सफल पार्न सक्नेछौ ।

१. यस गाउँपालिकामा साना ठुला खोलाहरु उत्तरवाट दक्षिण तिर बगेको कारण विद्युत उत्पादन को सम्भावना रहेको छ । सवै क्षेत्रमा सिचाई र खनेपानि को उचित ब्यवस्थापन गरि समग्र विकासको ढोका खुल्न सकिनेछ । त्यस तर्फ गाउँपालिकाले आफ्नो काम अगाडी वडाईरहेको छ ।

२. पर्यटनको दृष्टिकोण्ले अत्यन्त धनि छ । प्राकृतिक सुन्दरता ऐतिहासिक,धार्मिक धरोहरहरु,सांस्कृतिक सम्पदाहरु इस क्षेत्रका अमुल्य सम्पति हुन् । दैलेख जिल्लाको सवैभन्दा अग्लो महाबु लेक (४१६८ व.मि. अग्लो) यस गाउँपालिकामा पर्दछ । धार्मिक स्थलहरुमा महावैको उत्पति स्थल गाथ काँशिकाध, गीताचौरको शिवालय र महावै जगनाथको मन्दीर,बाँसिको गुफा र मालिका मन्दिर ,प्रत्येक वडाहरुमा रहेका महावै जगनाथका मन्दीरहरु ,कालिका,भैरव,मस्टा,शिद्धशान्ती,कैलासनाथ,लामाकान,भगवति,देवि का मन्दीरहरु ,भेषभुषा,चाडपर्व जस्ता महत्वपुर्ण सम्पदाहरुलाई संरक्षण गर्न सकेमा वाह्य तथा आन्तरिक पर्यटक आकर्षणको थलोको रुपमा विकास गर्न सकिनेछ । यस विषयमा धार्मीक क्षेत्रको संरक्षण, मन्दिर निर्माण र ब्यवस्थापनमा उल्लेख्य कार्य भएको छ । महाबु लेख लाई कर्णाली प्रदेशको एकमात्र चलचित्र हव निर्माणको लागि नेपाल सरकार वाट स्वीकृत गर्न सफल भएका छौँ ।

३. यस गाउँपालिका का जंगलहरुमा हजारौ थरिका जडीवुटिहरु पाईन्छन् । तिनि जडिवुटीको संरक्षण,उत्पादन,ब्यवस्थापन,प्रवर्धन तथा वजारिकरण गर्न सकेमा यहाँको आर्थीक अवस्थामा सुधार ल्याउन सकिन्छ ।

४. भौगोलीक विविधतालाई पनि यस प्रदेशको विकासको अवसरका रुपमा लिन सकिन्छ । कृषी वालीतर्फ हिमाली तथा पहाडि क्षेत्रमा उत्पादन हने धान,कोदो,जौ,मकै,गहुँ,फापर,स्याउ,सुन्तला,केरा अम्वा समेत उत्पादन हुन्छ भने,विभिन्न स्थानमा बाखा, भेडा, गाई, भैंसी, कस्तुरी, मृग, बाघ, भालु, डाँफे, मुनाल पाउनुका साथै महत्वपुर्ण पशुंछीको वास स्थान रहेको छ ।

५. यस गाउँपालिकामा विकासको मेरुदण्डका रुपमा उर्जाशिल र गतिसिल जनशक्ति नै हो । आफ्नो गाउँ आफै वनाउँ भन्ने उद्घोषका साथ यस गाउँपालिकाको विकास र समृद्धि आफैले गर्नपाउने अवसरको उपयोग गर्ने र उक्त जनशक्तिलाई प्राविधिक ज्ञान,सिप र क्षमतालाई अभिबृद्धि गर्नु जरुरी छ । यसका निमित्त वेरोजगार युवा हरुलाइ गाउँको समग्र विकास निर्माणमा सरीक गराउन अध्यक्ष श्रम रोजगार कार्यक्रम मार्फत रोजगारको सुनिश्चितता गरिएको छ । यसका लागि रकम विनियोजन गरेको छु । गाउँपालिकामा गरिने अधिकाँस निर्माण कार्य श्रममा आधारित हुनेछन् ।

६. गाउँपालिकाको विकासका लागि आर्थिक,सामाजिक रुपान्तरणको नेतृत्व गर्न सक्ने जनशक्ति उत्पादन गर्नु हाम्रो प्रमुख लक्ष हुनु पर्दछ । विकासमा जनताको स्वामित्व र अपनत्व स्थापित गर्न सकिनेछ ।

७. यस गाउँपालिकामा प्रसस्त खानि र खनिजका सम्भावनाहरु छन् । यहाँ काईनेट,चुनढुंगा,तामा,खरिढुंगा,गन्धक,स्लेट जस्ता खानीहरु रहेका छन् । जस्ले हाम्रो गाउँपालिकाको विकासमा टेवा पुग्न सक्नेछ ।

८. यस गाउँपालिकामा रहेका कला संस्कृति,मौलिक शिप,रहन सहन,नाच गित,मारुनि नाच,स्थानिय वाली उत्पादन यो गाउँपालिकाको महत्वपुर्ण आर्थिक समृद्धिको आधारशिलता वन्न सक्नेछ । प्राकृतिक श्रोत साधन र सम्पदा को सहि सदुपयोग र कृषिमा आधुनिकिकरण गर्न नसकेका कारण यो क्षेत्र गरिविको रेखामुनि परेको छ । यिनै चुनौति र सम्भावनालाई आर्थिक,समाजिक,भौतिक,मानविय,सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको वास्तविकतालाई राम्ररीवुझ्न वुझाउन र अध्यायन अनुसन्धान गर्न गराउन जरुरि छ । त्यसमा आधारित भएर विकासलाई सुव्यबस्थीत रणनितिक दिर्घकालीन योजना निर्माण गर्न आवश्यक छ । यस गाउँपालिका लाई समृद्धि गराउनका निमित्त माथि उल्लेखीत सम्भावना हरु माथि टेकेर हामि सम्पुर्ण जनताहरुको पहल कदमिका साथ हाम्रा पौरखी हातहरुलाई ढिलो नगरी,अगाडी वढाउन सकेमा यहाँका सम्पुर्ण राजनितिक दल,वौद्धिक व्यक्तित्वहरु,नागरिक समाज तथा आम जनसमुदाय एकजुट भएर हातेमालो गर्दै अगाडी वढ्नु जरुरी छ ।

**सभाषद् महोदय,**

अव म यस महाबु गाउँपालिका को नवौं गाउँ सभावाट अवलम्बन गरिने ०७८।०७९ को बार्षिक निति कार्यक्रम सम्मानित सभामा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**१. भौतिक विकास तर्फ**

महाबु गाउँपालिका भौगोलिक रुपमा पहाडी भुभाग थुप्रै ठुला साना खोलाहरु छरिएर रहेको बस्तीका कारण भौतिक पुर्वाधारका कामहरु निर्माण गर्न अप्ठ्यारो हुँदा हुदै पनि हामिले ४ वर्षको विचमा थुप्रै निर्माण कार्यहरु सम्पन्न गरेका छौं । तपशिलमा उल्लेखित कामलाई क्रमिक रुपमा सम्पन्न गर्दै जाने ब्यवस्था मिलाउने छ।

- सडक संजालमा नजोडिएको गाउँपालिका हाल सम्पुर्ण वडाहरुमा सहकहरुको निर्माण गरि यातायातको पहुँच पुर्याईएको छ । सडकहरुको उन्नतीको कामलाई तिव्रताको साथ अगाडि वढाएका छौं । ०७८।०७९ मा बाँकी रहेको कामलाई निरन्तरता दिईने छ ।
- ताराघाट, खरिगैरा गैंडाबाज काँशिकाँध सडक
- मध्य पहाडि राजमार्ग खोलिवजार बाँसी काँशिकाँध सडक
- एकपाटे लामीडाँडा उत्तिसेनी टाकुरी सडक
- गैडबाज, रानीवन, एकपाटे, टाकुरी, जौखोरीया, काँशिकाध सडक
- कलेल चोक, रातापानी भाव्र महाबु सडक
- वराहथान लामीडाँडा सडक
- नारायण ननगरपालिका, रुपाखेत, ताराघाट, खरिगैरा गैडबाज सडक
- नारायण नगरपालिका, कोटथाप्ला, ताराघाट, ढुंग्री, ऐराडि, बाँसी सडक
- सवै वडाका भित्री सडक हरुको स्तर उन्नतीको कामलाई संचालन गरिनेछ ।
- गैडबावाज, बाँसी, पाल्चौर, भैरवी सडकको कामलाई स्तरोन्नती गरिनेछ ।
- फागु गडिगाउँ गोर्ति भैरवी सडक
- कोटडाँडा गोर्ति कँडेनी भैरवी सडक
- कोटडाँडा, वडावन, सल्लेरी,लत्तामेचौर सडकको स्तरोन्नती गर्नेछौं ।
- राज्यको अवलम्बन गरेका तिन खम्बे निति (सहकारी, कृषि सहकारी ) क्षेत्रको यस गाउँपालिकामा प्रतिनिधित्व हुने गरि कार्यालय निर्माण भै सकेको छ । यस कार्यालय संचालन गरि सेवा प्रवाह गर्ने ब्यवस्था गर्ने छु ।
- प्रत्येक नागरिकको खाद्य सम्प्रभुता सहितको खाद्य अधिकारलाई मध्य नजर गर्दै कृषिमा आधुनिकिकरण, ब्यवशायीकी करण का लागि उच्च कृषि प्रविधिको प्रयोग गरि उन्नत विउ, सुधार गरि पशु नश्ल सहित कृषिमा आत्म निर्भर हुनेगरि बजेट विनियोजन गरेको छु ।

- यस गाउँपालिका जनतालाई स्वच्छ खोनेपानी उपलब्ध गराउने एक घर एक धारा निर्माण गर्ने कार्यलाई प्राथमिकता दिदै खानेपानी योजनाहरु निर्माण भैरहेका छन् । हाल जम्मा २००० जनताको घरमा धारा जोडी सकेको अवस्था छ अव बाँकी कामलाई पुरागर्न संघीय सरकार, प्रदेश सरकार र हाम्रो सहकार्यमा पुरा गन वृहत महाबु खानेपानि आयोजनाको २६ करोड बरावरको टेण्डर कार्य भैसकेको र यस वर्ष वाट निर्माण कार्य सुरु हुने र अन्य थुप्रै खानेपानीका योजनाहरु संघीय सरकार प्रदेश सरका, गोर्खा वयलफर तथा गाउँपालिकाको सहकार्यमा यसै वर्ष निर्माण कार्य सम्पन्न हुनेछन् । व्यवस्था मिलाएको छु ।
- महाबु गाउँपालिका का जनता कृषिमा आधारीत भएकाले जग्गालाई सिचाई गर्ने उद्देश्यले हाल सम्म ३१ वटा सिचाई कुलो र १९५ पोखरिको निर्माण कार्य सम्पन्न भैसकेको छ । बाँकी रहेका निर्माणाधिन सिचाई र निर्माण गर्न बाँकी रहेका सिँचाई योजनाहरुलाई संघीय सरकार, प्रदेश सरकार र हाम्रो लगानीमा पुरा गर्न व्यवस्था मिलाउने छु ।
- यस गाउँपालिकामा रहेको जल, जमीन, जंगल, खनिज पदार्थ, कृषि जन्य उत्पादन पशुपालन पर्यटकीय साधनर मानविय श्रोतको उचित प्रयोग गरि उद्योगको विकास वाट प्रत्येक नागरिकको जिवन पद्धतीलाई आर्थिक रुपमा सम्बृद्ध बनाउन अध्यक्ष श्रम रोजगार कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।
- महाबु गाउँपालिका का जनताको प्रत्येक घरमा विद्युत पुर्याउने लक्ष अनुरुप यसै आ.व.मा बत्ति वाल्ने कार्य पुरा गरिने छ ।
- वडाहरुमा आर्थिक स्थीती उठाउनका लागि दलित महिला आयआर्जन कार्यक्रमको व्यवस्था मिलाईने छ ।
- गोर्खा वयलफर ट्रष्ट द्धारा यस गाउँपालिकामा खानेपानी र झोलुङ्गे पुल जस्ता प्रशंसनिय काम गरेकोमा गाउँपालिका धन्यवाद दिन चाहन्छ । साथै विध्यालय भवन, झोलुङ्गे पुल खानेपानी, विध्यालय भवन निर्माण, फर्निचर निर्माण को कार्य गर्न समेत माग गरिने छ ।
- १ करोड भन्दा मुनिका निर्माण कार्य उपभोक्ता मार्फत गरिने र १ करोड भन्दा माथिका निर्माण कार्य सार्वजनिक खरिद ऐन अन्तर्गत निर्माण कार्य संचालन गरिनेछ ।

## २. सामाजिक विकास तर्फ

### शिक्षा

- शिक्षा क्षेत्र कोरोनाका कारण शिक्षाको गुणस्तर खस्केको अवस्थामा विध्यार्थिहरुको पठनपाठनलाई व्यवस्थीत गर्न नयाँ प्रविधिको अवलम्बन गरिनेछ ।
- विगतका दिनमा विद्यालय खोल्न अनुमती दिने शिक्षक दरवन्दि नदिई लथालि्ग भएको शैक्षीक क्रियाकलापलाई लक्ष अनुरुप कार्यन्वयन गर्न उल्लेखनिय भुमिका निर्वाह गर्दै आएको छु । शिक्षक सहयोग अनुदानलाई निरन्तरता दिईने छ ।
- दिगो विकासको लक्ष पुरा गर्न आधारभुत शिक्षा अध्यायन गर्ने समुहमा सम्पुर्ण वालवालिका लाई उपयुक्त वातावरण सृजना गरि शिक्षाको कुल प्रवाहमा लगिनेछ ।

- वाल शिक्षा, विध्यालय कर्मचरी र कार्यालय सहयोगिका लागि थप प्रोत्साहन उपलब्ध गराईने छ ।
- नेपाल सरकारको साक्षरता अभियान पुरा गर्न निरक्षेरता उन्मुलन गरि पुर्ण साक्षर गाउँपालिका वनाउन पहल गरिनेछ ।
- यस गाउँपालिकाका गरिव जेहेन्दार राम्रो अंक ल्याई उच्च शिक्षा हासिल गर्न चाहने छात्र छात्रा हरुलाई छात्रबृत्तिको लागि बजेट विनियोजन गरिनेछ । र छात्रवृत्तिमा अध्ययनरथ छात्र छात्रालाई निरन्तरता दिईनेछ ।

**स्वास्थ्य**

- गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा सुधार गर्न १५ शैया महाबु अस्पतालका २ वटा भवन निर्माणधिन अवस्थामा रहेका छन् भने आईसोलेशन भवन निर्माण भै सकेको छ । यसै वर्ष वाट स्वास्थ्य क्षेत्रका बाँकी रहेका स्वास्थ्य चौकी हरु र सामुदायीक स्वास्थ्य ईकाइ भवन को क्रमीक रुपमा निर्माण कार्य सम्पन्न गर्दै जाने ब्यवस्था मिलाईने छ ।
- विश्वमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) जस्ता महामारिको नियन्त्रण र रोकथामको लागि सम्पुर्ण नागरिकहरुलाई सचेत गराउन खानेपानी स्वास्थ्य सरसफाई सम्बन्धी सचेतना कार्यक्रम संचालन गर्न बजेट को ब्यवस्था गरिनेछ । ३० वेडको आईसुलेशन भवन निर्माण भैसकेको छ ।
- लामो समय स्वास्थय स्वयंसेविकाहरुको भुमीका निर्वाह गर्दै आउनु भएका स्वास्थ्य स्वयंसेविका कोभिड-१९ मा अहोरात्र खटिएका स्वास्थ्य कर्मी हरुलाई प्रोत्साहन भत्ताको लागि वजेट विनियोजन गरेको छु ।
- महाबु गाउँपालिकाको विभिन्न स्वास्थ्य चौकी, सामुदायीक स्वास्थ्य ईकाइ, सामुदायीक विध्यालयहरुमा र गाउँपालिका कार्यालयमा करारमा कार्यरत कर्मचारीहरुलाई म्याद थप गरि निरन्तरता दिनको लागि बजेटको ब्यवस्था मिलाएको छु ।
- प्रजनन् स्वास्थ्य अन्तर्गत पाठेघर खस्ने, लैङ्गीक हिंसा, घरेलु हिंसा, छाउपडि प्रथा, वालविवाह, जातिय विभेद र छुवाछुत जस्ता सामाजिक कुरितिहरुलाई अन्त्य गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहको प्रत्येक क्रियाकलापमा महिला, दलित, जनजाती, अपांग, एकल महिल, सिमान्तकृत वर्गको सहभागिता बढाउने ब्यवस्था मा विकास गरि आर्थिक सम्भावना रहेका क्रियाकलाप मा समावेश गर्ने निति अवलम्बन गरिनेछ ।
- महाबु गाउँपालिकामा विकृतिको रुपमा रहेको जुवा, तास, मदिरा, खोलामाा माछा मार्ने कार्य, वन्यजन्तु सिकारी, अवैध जडिवुटी काठ ओसार पसार गर्ने कार्य पुर्ण रुपमा निषेध गरिनेछ ।
- यस गाउँपालिकामा रहेका सामुदायीक संस्थाहरुलाई संगठित गरि सहकारिको माध्यामवाट समाजलाई रुपान्तरण गर्ने निति अवलम्बन गरिनेछ । एक टोल एक सहकारी को ब्यवस्था मिलाईनेछ ।

## ३. आर्थिक विकास तर्फ

### कृषि

- महाबु गाउँपालिका भौगोलिक रुपमा भिरालो पााखो जग्गा भएको वाडि, पहिरो, हिउँ, असिना र जैगलि जनावरले वालि नष्ट गर्ने जस्ता प्राकृतिक कारण खाद्यान्नको समस्या वाह्रै महिना हुने गरेको छ । जनताको खाद्य सुरक्षा र दिगो पन लयाउन कृषिमा आत्म निर्भर वनाउन, भौगोलिक संम्भावना अध्ययन गरि खाद्यवालि मसला वालि, माछा पालन, तरकारि खेति , फलफुल खेति जस्ता बहु आयामिक कार्यक्रम संचालन गरि उत्कृष्ट कृषकहरुलाई पुरष्कृत गर्ने र कृष्मा आधुनिकिकरण गरि ब्यवशायीक कृषि मार्फत आर्थिक विकासमा टेवा पुर्याउने कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेकोछु ।
- माटोको उर्वरा शक्ति कायम राख्न खाध्य तत्व ब्यवस्थापन भकारो सुधार गोठ सुधार, मल मुत्र ब्यवस्थापन गरि प्राङ्गारिक मल उत्पादन र उपयोगमा विशेष जोड दिईनेछ ।
- भौगोलिक अवस्थाको अध्ययन गरि विभिन्न स्थानमा कृषिको पकेट क्षेत्र ब्लक र जोनको विकास गर्न तपशिलका ब्यवसायिक कृषि कार्यक्रमहरु संचालन गर्न रकम विनियोजन गरिएकोछ ।

  (क) प्रधानमन्त्री कृषि आधुनिकिकरण अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम कृषि, पशु समुह, सहकारीको माध्यमवाट संचालन संघीय सरकार, प्रदेश सरकार  र हाम्रो सहकार्यमा संचालन गरिनेछ ।

  - अलैंची ब्लक महाबु ५ वडाबन ।
  - अलैंची पकेट महाबु ६ रानिवन, वडा नं. ४ को चाल्नेमुल र काँडासिरौला ।
  - बाख्रा जोन कार्यक्रम महाबु ३,४,५ र ६ मा संचालन हुँदै आएकोमा चालु आ.व.मा वडा नं. १ र २ मा संचालन गर्न प्रधानमन्त्री वाख्रा जोन कार्यलयमा माग गरिनेछ ।

  (ख) ब्यवसायीक जडिबुटी तर्फः

  - महाबु वडा नं. ५ र ६

  (ग) ब्यवसायीक फलफुल खेती तर्फ :

  - वडा नं. १ देखि ६ सम्म आँप, केरा, ओखर, टिकुर, कागती, किवी, एभोकार्ड, सुन्तला र माल्टा

  (घ) ब्यवसायीक मौरी पालन

  - महाबु १ देखि ६ सम्म मागको आधारमा कृषि सहकारी मार्फत

  (ङ) ब्यवसायीक आलु खेती

  - महाबु ३ को सुवाकोट, वडा नं. ४ को काँडासिरौला , वडा नं. ५ को गोर्ति, वडावन र ६ को रानिवन मा संचालन गरिनेछ ।

  (च) ब्यवसायीक तरकारी पकेट क्षेत्र :

- वडा नं. १ को दवडा, २ को ताराचौर, ३ को तिपेडी, सुवाकोट र खाँडा पाल्चौर, वडा नं. ५ को गडिगाउँ, ४ को काप्रिखोला र गिताचौरमा संचालन गरिने छ ।

(छ) व्यवसायीक वाख्रा र भेडा पालन :

- महाबु ५ र ६ मा

(ज) व्यवसायीक भैंसी पालन :

- महाब् वडा नं. ५ र ६ मा ।

(झ) व्यवसायीक कुखुरा पालन :

- वडा नं. १, २, ३ र ४ मा समुह मार्फत

**४. विपद् व्यवस्थापन**

- महाबु गाउँपालिका पहाडि भुभाग भएकोले प्रत्येक वर्ष वाढि,पहिरो,हावाहुरि, हिउँ असिना आगजनिका कारण ठुलो क्षेती ब्यहोर्नु परेको छ । यस अवस्थामा जोखिममा परेका नागरिकहरुलाई राहत उपलब्ध गराई न्युनिकरण गरिनेछ ।
- विपद् वाट वच्ने हरेक खाले चेतनामुलक कार्यक्रम हरु संचालन गरिनेछ ।
- वातावरण अनुकुलन वनाउन घरवारि, करेसावारी, वन जंगलको संरक्षण, पानीका मुहान संरक्षण जस्ता कार्य संचालन गरिनेछ ।

**उद्योग :**

- स्थानिय रुपमा पाईने बाँस, निगाला, अल्लो, उन, स्लेट, चुन ढुंगा, मसला जन्य साना तथा घरेलु उद्योगलाई विशेष प्राथमिकता दिई वेरोजगार युवाहरुलाई रोजगारि सृजना गर्न बजेट विनियोजन गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास तर्फ**

आवधिक गाउँपालिका विकास योजनाले गरेका मुख्य लक्ष र उद्देश्यहरुलाई ध्यानमा राखेर सवै सरोकारवाला निकायहरु बाट विकास कार्यक्रम हरु सञ्चालन गरिनेछ ।

- यस गाउँपालिका अन्तरगत रहेका विषयगत कार्यालय,सरकारी तथा गैर सरकारी कार्यालय,सम्पादन गरिने वार्षिक निति वजेट कार्यक्रम लाई जनआधारित सहभागितामुलक योजनाका प्रक्रियाहरुलाई पुर्ण रुपमा पालन गरिने छ ।
- सुचना प्रवाहलाई पारदर्शिता  र प्रभावकारी बनाउन गाउँपालिका कार्यालय र वडा कार्यालयहरुमा वयभ साईड नियमित गरि सुचनामा सहज पहुँच वढाउन आवस्यक व्यबस्था गरिनेछ । यस गाउँपालिका अन्तरगतका सम्पुर्ण विषयगत कार्यालयहरुवाट भए गरेका कामको एफ. एम. रेडीयो र पत्र पत्रीका मार्फत जानकारीमा ल्याईने व्यबस्था गर्नेछु ।

- गाउँपालिकामा संचालन हुने सम्पुर्ण क्रियाकलाप हरुलाई सार्वजनिक सुनुवाई,सामाजिक परिक्षण मार्फत सेवा प्रदायक हरुलाई त्यसको प्रभावकारिता वारे जानकारि गरि पारदर्सिता र स्वच्छ सुसासनको प्रत्याभुति गरिनेछ ।
- गाउँपालिका अन्तरगत कार्यान्वयन हुने समपुर्ण क्रियाकलाप हरु लाई सेवामुखी र जनउत्तरदायी वनाउन अनुगमन मुल्याङ्कन प्रक्रियालाई निरन्तर दीईनेछ ।
- जेष्ठ नागरिक,एकल महिला,असहाय,असक्त,अपाङ्ग लाई वितरण गरिने सामाजिक सुरक्षा भत्ता को वितरण प्रक्रियालाई वयभ साईड अध्यवधिक बैंकिङ सेवा मार्फत थप ब्यवस्थित गरिने छ ।
- संचालित आयोजनाहरुमा टेवा पुर्‍याउने उद्देश्यका साथ उपभोक्ता समितिहरुलाई अभिमुखि करण तालिमको ब्यवस्था मिलाउनेछु ।
- गाउँपालिकाको प्रशासनिक,आर्थिक कामलाई ब्यवस्थीत गर्न गाउँपालीका मातहतमा रहेका सम्पुर्ण विषयगत कार्यालय को कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको निति अवलम्बन गरिनेछ ।
- पत्रकार महासंघको समन्वयमा यस गाउँपालिकामा भए गरेका कामको गतिविधिलाई सार्वजनिकिकरण गरिनेछ ।
- यस गाउँपालिकाको योजनाबद्ध विकासका लागी पञ्च वर्षीय वार्षिक कार्य योजना निर्माण गरि कार्यन्वयनमा ल्याउने ब्यवस्था मिलाउने छु ।
- गाउँपालिकामा संचालन गरिएका सरकारि तथा गैरसरकारि काम काजको व्यवस्थीत सुचना र अभिलेख राख्ने व्यवस्था मिलाईनेछ ।
- सातौं गाउँसभाबाट पारित गरेका निति,नियम र कार्यक्रम निरन्तरता दिईनेछ ।
- महाबु गाउँपालिका भित्र रहेका वेरोजगार युवाहरुलाई गाउँमै रोजगार दिने उद्देश्यले अध्यक्ष श्रम रोजगार कार्यक्रमको व्यबस्था मिलाईने छ ।

उपरोक्त निति तथा कार्यक्रमको सफल कार्यन्वयनवाट महाबु गाउँपालिकाको राजनितिक, अर्थिक, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने कुरामा विश्वास लिएको छु । समाजलाई न्याय, समानता र स्वतन्त्रता तर्फ डोर्याउन यो निति तथा कार्यक्रमले सहयोग गर्नेछ । यसको सफल कार्यन्वयनमा सरोकारवाल सवैको अर्थपुर्ण योगदानको अपेक्षा गरेको छु ।

अन्तमा प्रस्तुत निति तथा कार्यक्रम तयारिका क्रममा सल्लाह, सुझाव र योगदान गर्नुहुने संघीय सांसदर प्रदेशसभाकाा माननिय सदस्य ज्युहरु, स्थानिय राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, उपाध्यक्ष ज्यु, वडा अध्यक्ष ज्युहरु, कार्यपालिका सदस्य ज्युहरु, गाउँसभाका सदस्य ज्युहरु, नागरिक समाज, संञ्चारकर्मी, कर्मचारी मित्रहरु तथा सम्पुर्ण महाबु वासिहरु प्रति हार्दिक आभार र कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ।

**आर्थिक वर्ष ०७८।०७९**

**मितिः २०७८ असार १० गते**

आर्थिक वर्ष ०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रममा उल्लेखित विषयबस्तु आधारीत रहेर आर्थिक वर्ष २०७८।०७९ को बजेटको विस्तृतीकरण।

संघीय सरकार वित्तिय समानीकरण रु. ८ करोड ८१ लाख।

संघीय राजश्व बाँडफाँड वाट रु. ६ करोड ९५ लाख २० हजार।

प्रदेश सरकार वित्तिय सानिकरण रु. ९० लाख ३३ हजार।

प्रदेश राजश्व वाँडफाँड बाट रु. ४ लाख ४७ हजार २ सय २५ रुपैया मात्र।

प्रदेश सरकार शर्शत अनुदान रु.१ करोड ३२ लाख १५ हजार।

प्रदेश सरकार शर्शत अनुदान रु. ३० लाख।

प्रदेश सरकार समपुरक अनुदान रु. १ करोड ३० लाख

संघीय सरकार शशर्त अनुदान रु. १६ करोड ३६ लाख।

संघीय सरकार विशेष अनुदान रु. ३ करोड १३ लाख।

सहास नेपाल रु. ११ लाख ३ सय ५६ रुपैया मात्र।

आन्तरिक श्रोत रु. २५ लाख

जम्मा रकम रु. ३९ करोड ४८ लाख १५ हजार ५ सय ८१ रुपैयामात्र।

**चालु तर्फः**

संघीय सरकार  राजश्व वाँडफाड रकम रु. ६ करोड ९५ लाख २० हजार मात्र।

प्रदेश सरकार राजश्व वाँडफाँड रकम रु. ४ लाख ४७ हजार २ सय २५ मात्र

आन्तरिक श्रोत रकम रु. २५ लाख।

जम्मा चालु तर्फ रकम रु. ७ करोड २४ लाख ६७ हजार २ सय २५।

**पुजीगत तर्फः**

संघीय सरकार वित्तिय समानिकरण रकम रु. ८ करोड ८१ लाख।

प्रदेश सरकार वित्तिय समानीकरण रकम रु. ९० लाख ३३ हजार।

कन्ट्रिजेन्सी रकम रु. ३७ लाख ७१ हजार ३ सय ६४।

जम्मा पुँजिगत तर्फ रकम रु. १० करोड ९ लाख ४ हजार ३ सय ६४।

पँजिगत तर्फको जम्मा विनियोजित रकम रु. ९ करोड ३३ लाख ६१ हजार ६ सय ३६।